This booklet contains **20** pages.
इस पुस्तिका में **20** पृष्ठ हैं ।

# JP-1-13

**PAPER I / प्रश्न-पत्र I**
**Nepali Language Supplement**
**नेपाली भाषा परिशिष्ट**
**PART IV & V / भाग IV & V**

**Test Booklet Code**
**परीक्षा पुस्तिका संकेत**

**A**

**Test Booklet No.**
**परीक्षा पुस्तिका संख्या**

560785

**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20)पर दिए निर्देशों को ध्यान से पढ़ें ।**

**For instructions in Nepali see Page 2 of this Booklet. / नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें ।**

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue / Black Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **A**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language I - (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language II - (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

## *परीक्षार्थियों के लिए निर्देश*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट **है**, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल नीले/काले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत है A** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V **हैं**, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का **है** :
   भाग-IV : भाषा I - (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा II - (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

Name of the Candidate (in Capitals) : ______________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में) :
Roll Number : in figures ______________________
अनुक्रमांक : (अंकों में)
: in words ______________________
: (शब्दों में)
Centre of Examination (in Capitals) : ______________________
परीक्षा केन्द्र (बड़े अक्षरों में) :
Candidate's Signature : ______________ Invigilator's Signature : ______________
परीक्षार्थी के हस्ताक्षर : निरीक्षक के हस्ताक्षर :
Facsimile signature stamp of
Centre Superintendent ______________

SEAL

यस पुस्तिकामा 20 पृष्ठ छन् ।

# JP-1-13

परीक्षा पुस्तिका संङ्केत

**A**

**प्रश्नपत्र I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

***परीक्षार्थीहरूका लागि निर्देश :***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V को अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा निशान लगाउनको लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत** A हो । यो सुनिश्चित गर्नु कि यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्काले जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** बटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्का छन् ।
   भाग IV : भाषा I – (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा II – (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् कि यो तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – I.**

# भाग – IV

# भाषा – I

# नेपाली

**निर्देश :** दिइएको अनुच्छेद पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **91** देखि **99**) उत्तर दिनुहोस् ।

आर्मस्ट्रङ र एल्ड्रिनले चन्द्रमाको मझेरीमा पाइला हाल्नासाथ सबैजसो क्षेत्रको ध्यान चन्द्र-चर्चामा एकोहोरिएको छ । मान्छेको यस अलौकिक पुरुषार्थप्रतिको जयघोष सञ्चित मान्यताहरूको सिंहावलोकन र सम्भावित उपलब्धिहरूको उत्कण्ठा नै यस चर्चाका मुख्य विषय छन् तापनि विरोध, विक्षोभ र आशङ्काहरू पनि यसभित्र नमिसिएका छैनन् । चन्द्रलोकमा मान्छेको पाइला पु-याउन अमेरिकाले झन्डै २४ करोड डलर खर्च गरिसकेको र रुसले पनि यस क्रममा थुप्रै रूबल मासिसकेको चर्चा छ । वर्षौंवर्षका चिन्तन, अनुसन्धान र करोडौं डलर-रुबलको अहिलेसम्मको उपलब्धि के त भनी भौतिक रूपले मात्र हेर्दा चन्द्रयात्रीहरूले ल्याएका २-४ बाकस गोलजस्ता ढुङ्गाका डल्लासिवाय अरू केही देखिन्न । यत्रो चिन्तन, लगन, आँट र अर्थको उपलब्धि यति नै हो भने आपसी खोसाखोस र तानातानले पृथ्वीमा मुन्टो लुकाउने ठाउँ नपुगी चिन्ता र चित्कारमा हुँडलिएका अरबौं भोका-नाङ्गाहरूले चन्द्रविजयबाट उत्पन्न यस गौरव र गर्वलाई मनको कुन कुनामा कसरी थन्क्याउने ? यो बुद्धि र बर्कत धरतीकै कतिपय समस्याको समाधानमा लगाएर धरतीमै सुख-सुविधाको नयाँ लोक र आलोक निर्माण गर्न सकिने थियो । यो आवाज गरिब देशहरूबाट होइन, स्वयंसम्पन्न र स्वयं चन्द्राभियानमा तम्सेका सोभियत सङ्घ र अमेरिकाभित्रैबाट चर्को स्वरमा गुन्जिएको छ । सामान्य प्रदर्शनहरूका अतिरिक्त ठुल्ठुला विचारकहरूले पनि यसमा गुनासो गरेका छन् । एकजना अमेरिकी नेता भन्छन् – "मानिसका एक-अर्को जातिमा रहेको दूरता धरती र चन्द्रलोकको दूरताभन्दा लामो छ । यो दूरता नजिक्याएर मान्छेमा निहित जातिभेदको बर्बरता पनि नासिएको भए पो चन्द्रविजयमा खुसी मनाउन पाइन्थ्यो ।" विश्वप्रसिद्ध ब्रिटिस इतिहास विख्याता टायनबोले चन्द्रयात्रा सकल बनाउने विज्ञान र प्रविधबाट आफू कत्ति पनि प्रभावित नभएको बताउँदै सोधेका छन् – 'के अन्तरिक्ष - यात्री को यस होडबाट युद्धको सम्भावना घट्छ र ?' यो सुन्दा नभन्दै इगल र लुनाले लुछाचुँडीको नयाँ केन्द्रको पदान्यस गरेर अर्को विश्वयुद्धलाई आ-आफ्नो मोर्चा सम्झेका त होइनन् ? भन्ने शङ्का पनि नजिक आउँछ । हुन पनि मान्छेको पुरुषार्थ कल्याणकार्यमा मात्रै सार्थक भएको सिङ्गै एउटा उदाहरण अहिलेसम्म मान्छेले पाउन सकेको छैन । चन्द्रमालाई पाइथागोरसले 'ऐनाको ठुलो भकुन्डो' देखे पनि ग्यालिलियोले पृथ्वीजस्तै ग्रह देखे पनि, डार्विनले पृथ्वीबाटै चोइटिएको एउटा झलझलाकार बिम्ब भने पनि; ग्यागरिनले भेट्ने बाटो सोझ्याए पनि अपोलो र सोयुजले दर्जनौं चन्द्र-चित्र ल्याएर देखाए पनि हामीले सोमबारे औंसीमा नबोली नुहाउन छाडेनौं; र आफ्ना प्रियतमालाई 'चन्द्रमुखी' भनी उपमा दिन छाडेनौं । हाम्रो प्रेमको प्रतीकलाई नबिटुल्याइदेओ भनी जुलुस निकाल्ने इटालियन युवा युवतीहरू, ईश्वरको काममा हस्तक्षेप गर्नलागे भनी आत्महत्या गर्ने पेरूको एउटा ठिटो र मान्छे पुगेको चन्द्रमा हाम्रो चन्द्रमाचाहिं होइन भन्ने काशीका एकजना पण्डित आदिले चन्द्रमाको भावनात्मक नाता कति बलियो रहेछ भन्ने अझ प्रस्ट पारेका छन् ।

**91.** "मानसिका एक-अर्को जातिमा रहेको दूरता धरती र चन्द्रलोकको दूरताभन्दा लामो छ" – कथनको सबैभन्दा नजिकको आशय हुन्छ

(1) जाति जातिमाझको भौतिक दूरी अधिक लामो छ

(2) एकाधिक जाति एका-अर्कामा मेलमिलाप गर्न चाहँदैनन्

(3) जातिभेदको चरमता

(4) स-साना जातिसमूहका विकासको सम्भावना

**92.** अन्तरिक्ष यात्राको होडले धरतीमा युद्धको सम्भावना कस्तो छ ?

(1) सम्भावना बढेको छ

(2) सम्भावना घटेको छ

(3) सम्भावना न बढेको छ न घटेको छ

(4) युद्ध हुनै लागेको स्थिति छ

**93.** इटालियन युवायुवती, पेरूको टिटो, काशीका पण्डितहरूको प्रसङ्गले यस्तो आशय व्यक्त हुन्छ

(1) चन्द्रयात्राप्रतिको असन्तुष्टि

(2) चन्द्रयात्राको सफलताप्रति हर्षभावको अभिव्यक्ति

(3) चन्द्रयात्राप्रतिको आन्दोलन र विद्रोह

(4) 'चन्द्रमुखी' भनी कसैलाई बोलाउन पाईंदैन भन्ने गुनासो

**94.** माथिको पाठले मूलत: कुन कथ्यको सम्प्रेषण गरेको छ

(1) मानिस मानिसमाझको दूरी

(2) विज्ञान र भावुकताबिचको द्वन्द्व

(3) पछाडिएकाहरूप्रति मानिसको उदासीनता

(4) वैज्ञानिकहरूका कृतित्वको आलोचना

**95.** 'सोमबारे औंसी', 'ईश्वरको काम' अनि 'भावनात्मक नाता' पदावलीमा रहेका 'सोमबारे', 'ईश्वरको' र 'भावनात्मक' पदहरूमाझ रहेको समानता के हुन सक्छ ?

(1) सबै पद एउटै शब्दवर्गमा पर्छन्

(2) सबै पद मानिसको ईश्वरभक्ति र आध्यात्मिक पक्षसित सम्बन्धित छन्

(3) सबै पद एउटै स्रोतबाट आएका हुन्

(4) सबै पद शब्दकोशीय प्रविष्टिकै रूपमा प्रयुक्त छन्

**96.** 'अलौकिक पुरुषार्थ' भन्नाले के बुझिन्छ ?

(1) लौकजीवनदेखि परको कार्य

(2) सबैले गर्न सक्ने कार्य

(3) ईश्वरको वरदान प्राप्त पुरुषार्थ

(4) मानिसका सम्भावनामा नचिताइएको

**97.** चन्द्रयात्राको सफलतामा खुसी प्रकट नगर्नेहरूमा

(1) विश्वका सबै मानिसहरू छन्

(2) प्रेमी - प्रेमिकाहरू मात्र छन्

(3) चन्द्राभियानमा लागेका सोभियत र अमेरिकाका मानिस पनि छन्

(4) नयाँ आविष्कार ग्रहण गर्न नसक्नेहरू छन्

**98.** 'मझेरी' शब्दको अर्थ हो

(1) घरको सिकुवादेखि आँगनसम्मको ठाउं

(2) बलेंसीका वरिपरिको स्थान र आँगन

(3) करेसादेखि कोठेबारीसम्मको खाली स्थान र आँगन

(4) घरभित्र मूल दैलादेखि अगेनु, ओछयान र चुलामाझको खाली भुईं

**99.** भौतिक दृष्टिले मानव हितका लागि चन्द्रयात्राको उपलब्धि के देख्न सकिन्छ

(1) मानवमाझको द्वन्द्व र उच्चताबोध

(2) त्यस्तो ठुलो उपलब्धि केही देखिन्न

(3) एका-अर्कामाझ सौहार्द्र भावको प्रसार र मातृत्वको विकास

(4) भोका-नाङ्गाहरूका निम्ति असल व्यवस्था

**निर्देश** : दिइएको कविता पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **100** देखि **105**) उत्तर दिनुहोस् ।

आइपुग्यो तीज लौ ल्याऊ चीज खाने र लाउने
नभए धन काढन ऋण मरेर के लाने ?
चाहिन्द दर घिऊ र चिनी रेशमी फरिया
यसैले सारो हामीलाई पाऱ्यो कैञाको करीया ।
बिल्बिट्को चोली नभए भोलि हुँदैन पटक्क
झक्के साल पनि चाहिन्छ अति परेको चटक्क ।
यो बात छोडी पुगेको खाई पुगेको लगाई
तीर्थ र बर्त गरन बैनी बहुतै रमाई ।

**100.** उक्त पद्य कुन छन्दमा लेखिएको छ ?
(1) झ्याउरे
(2) सवाई
(3) मालिनी
(4) शालिनी

**101.** 'चटक्क' र 'पटक्क' शब्दहरू हुन्
(1) अनुक्रमणिका
(2) पूर्वकालिक क्रिया
(3) क्रिया विशेषण
(4) कृदन्त

**102.** 'कैञाका करीया' पदावलीमा रहेको 'कैञाका' पद कुन शब्दवर्गमा पर्छ ?
(1) अव्यय
(2) विशेषण
(3) सर्वनाम
(4) नाम

**103.** 'ऋण' तत्सम शब्द हो भने 'धन' कस्तो शब्द हो ?
(1) देशीय
(2) आगन्तुक
(3) तद्भव
(4) तत्सम

**104.** दर भन्नाले बुझिन्छ
(1) तीजका पर्वको दिन खाइने मिठा-मिठा परिकार
(2) तीजका पर्वको अघिल्लो राति खाइने मिठा-मिठा परिकार
(3) तीजको व्रत लिइसकेपछि खाइने प्रसाद अनि अन्य खाने कुरा
(4) कुनै पनि मिठो खाने कुरा

**105.** "तीर्थ र बर्त गरन बैनी" भनेर किन स्त्रीलाई सम्बोधन गरिएको हो ?
(1) तीजको व्रतमा स्त्रीहरूले दिक्क लाउने हुनाले
(2) 'बैनी' का स्थानमा अर्को शब्द राख्दा छन्दभङ्ग हुने हुनाले
(3) तीर्थ र व्रतमा स्त्रीहरू उत्साही रहनाले
(4) तीजको व्रत स्त्रीहरूले मात्र गर्ने हुनाले

**निर्देश** : सबैभन्दा उपयुक्त विकल्पको चयन गरी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

**106.** पाठ/वाक्यका बिभिन्न भागमाझको सम्बन्ध बुझ्न तलका मध्ये कुनले विद्यार्थीहरूलाई सहायता गर्छ
(1) क्रियाविशेषण
(2) सर्वनाम
(3) व्यक्तिवाचक नाम
(4) क्रिया पदावली

**107.** तलका मध्ये कुनचाहिं वाक्य सही छ [सूत्र : सोच्नुहोस, को चाहिं बस चढ्नका निम्ति कुदिरहेछ]
(1) बस चढ्न दगुरिरहेको बेला बुढा मानिस चिप्ले अनि लडे
(2) बस चढ्न दगुरिरहेको बेला बुढा मानिसको पैसाको थैली गोजीबाट बाहिर झऱ्यो
(3) बस चढ्न दगुरिरहेको बेला बुढा मानिसको अनुहारभरि पसिना आयो
(4) बस चढ्न दगुरिरहेको बेला बुढा मानिसले आफ्नो उमेरलाई धिक्कारे

**108.** तलका सबै कथनहरू श्रवण प्रक्रियाका विवरण हुन्, कुन एउटा चाहिं होइन

(1) ध्यानपूर्वक सुन्नाले वक्ताका क्रियाकलापको पूर्वाभास पाउन सकिन्छ

(2) मानिसले चयन गरी सुन्न सिक्छन् अनि नचाहिंदा कुरा ग्रहण नगर्न पनि सक्छन्

(3) असल श्रोता हुने योग्यता कुनै तालिम बिना नै प्रकृत किसिमले प्राप्त हुन्छ

(4) सम्पूर्ण वार्तालापमा थोरैमा पनि आधा अंश श्रवणले समाविष्ट गर्छ

**109.** 'शाश्वत' - यस शब्दको उच्चारण सिकाउँदा, तपाईं गर्नुहुन्छ

(1) नेपाली भाषामा रहेका त्यस्तै शब्द विकल्पका रूपमा प्रयोग गर्न प्रेरित गर्नुहुन्छ

(2) शब्दको अर्थ खोजेर कक्षामा दिनुहुन्छ

(3) उच्चारण कोशको प्रयोग गरी कक्षामा त्यस शब्दको उच्चारण सुनाउनु हुन्छ

(4) विद्यार्थीहरूलाई यो एउटा विदेशी शब्द हो भनी भन्नुहुन्छ

**110.** विषय, अध्याय शीर्षहरू अनि दृश्यात्मक सूचनामा आधारित कुनै कथाका विषयमा सोच्नुहोस् । तपाईंलाई जान्न मन लागेको कुनै पनि कुराको नोट बनाउनुहोस् ।

यस किसिमको अध्ययन क्रिया यसको एउटा प्रक्रिया हो

(1) दृश्याङ्कन

(2) शब्द अध्ययन उत्सुकता

(3) पूर्वप्राप्त ज्ञानको प्रयोग

(4) पूर्वानुमान

**111.** कुनै रेस्टुराँमा रहेको यो विज्ञप्ति पढ्नुहोस् । कुन पङ्क्ति/हरूमा त्रुटि रहेको छ ?

| |
|---|
| गरम, मसलादार स्न्याक्स |
| अनि ताजा सेकिएका चकलेट बिस्कुटको आनन्द लिनुहोस् |
| स्वादका निम्ति त्योहरू राम्रा छन् |

(1) पङ्क्ति 1 अनि 2

(2) पङ्क्ति 1 मात्र

(3) पङ्क्ति 1 अनि 3

(4) पङ्क्ति 3 मात्र

**112.** व्याकरणको कक्षामा आविष्कारको सिद्धान्तले यो इङ्गित गर्छ, विद्यार्थीहरू

(1) व्याकरणमा आधारित क्रियाकलापमा सामेल हुन्छन् जुन समायोजनबारे विचार गर्नका निम्ति आवश्यक हुन्छन्

(2) कतिपय उदाहरणहरूका माध्यमले कार्यद्वारा निश्चित नियमहरू सूत्रबद्ध गर्छन्

(3) कुनै कार्य सम्पन्न गर्दा व्याकरणका नियमहरूप्रति सचेततापूर्वक विचार गर्छन्

(4) व्याकरणगत त्रुटिहरू दूर गर्न शिक्षकद्वारा सहयोग प्राप्त गर्छन् ।

**113.** गतिबोधक मेधा (Kinesthetic Intelligence) सिक्ने त्यस्तो कौशल हो, जहाँ विद्यार्थीहरू

(1) श्रवण क्षमताको विकास उच्च दर्जामा गरेका हुन्छन् अनि चित्रमा भन्दा शब्दमा ध्यान दिन्छन्

(2) सही बोध भएको सन्तुलनयुक्त गति अनि दृष्टि-हस्त संयोजन (Eye-hand co-ordination) द्वारा आफूलाई व्यक्त गर्छन

(3) सुरमा प्रवृत्त भएर ध्वनि, लय र आकृतिमा ध्यान दिन्छन्

(4) विविध सूचनाहरूमाझ सम्बन्ध बनाउँदै युक्तिपूर्ण र साङ्ख्यिक आकृतिबारे विचार गर्छन्

114. कुनै विद्यार्थीको 'विशेष शैक्षिक अभिरुचि' अन्तर्गत निम्न पर्यवेक्षण संलग्न रहन्छ

(1) अनपेक्षित, कहिले काहीं मूर्ख प्रतिक्रिया उत्पन्न गर्छन्

(2) अरूमा रहेका क्षमता र योग्यता ग्रहण गर्छन्

(3) सुहाउँदो शारीरिक गठन रहेको हुन्छ

(4) रुचिका क्षेत्रहरूमा ध्यानको दीर्घ विस्तार

115. पूर्व अनुभवका आधारमा नेपालीमा असल भाषिक सम्पर्कको निर्भरतालाई भनिन्छ

(1) अवधारणा निर्माण

(2) शिक्षाको अन्तरण

(3) प्रश्न सोधाइको तरिका

(4) प्रत्यक्ष प्रदर्शन

116. शिक्षक तालिम तकनिक जहाँ क्षमता विकासका निम्ति अनुरूपण (Simulation) को प्रयोग गरिन्छ

(1) पाठ-योजना

(2) प्रदर्शन-भिडियो हेर्नु

(3) सूक्ष्म-शिक्षण (Micro-Teaching)

(4) व्याख्यानका निम्ति राम्रो नोट तयार गर्नु

117. लेखन प्रक्रियाका कुन चरणमा मुक्तलेखन (freewriting), मथिङ्गल मन्थन (brainstorming), संयुक्तिकरण (Clustering) अनि विचार अभिरेखाङ्कन (idea-mapping) खुबै महत्त्वपूर्ण हुन्छन् ?

(1) पूर्वलेखन (prewriting)

(2) खेस्रा तयारी (drafting)

(3) संशोधन

(4) प्रुफ रिडिङ

118. यी शब्दहरूले कुन किसिमका शब्दको संरचना बुझाउँछन् ? वेपर्वाहसँग, आज, कसेर, बिस्तारै, भोलि, यता, रिसाउँदै, जहीं, खुसीसाथ, पछि

(1) नाम

(2) क्रियार्थक नाम

(3) क्रियाविशेषण

(4) सर्वनाम

119. लेखन प्रक्रियाको सर्वाधिक उपयुक्त क्रम यस किसिमको हुनुपर्छ -

(1) सङ्कलन, क्रमाङ्कन, लेखन, पुनर्लेखन

(2) सङ्कलन, क्रमाङ्कन, पुनर्लेखन, लेखन

(3) क्रमाङ्कन, सङ्कलन, लेखन, पुनर्लेखन

(4) लेखन, सङ्कलन, क्रमाङ्कन, पुनर्लेखन

120. एउटा भाषाशिक्षण कक्षामा, साहित्यले विद्यार्थीहरूमा –

(1) कुनै प्रकारको सांस्कृतिक बहिर्प्रकाश दिंदैन

(2) भाषामा निहित थुप्रै प्रामाणिक विविधताबारे प्रकाश पार्छ

(3) नेपाली भाषाको प्राचीन व्यवस्था र शैली चिनाउँछ

(4) कठिन शब्दावली प्रस्तुत गर्छ

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI as LANGUAGE – II.**

# भाग – V
# भाषा – II
# नेपाली

**निर्देश :** दिइएको अनुच्छेद पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **121** देखि **129**) उत्तर दिनुहोस् ।

उहिलेका विद्यार्थीहरूको जीवन कठोर थियो । विद्यार्थीहरूले गुरुकुलमा प्रवेश गरेर गुरुको सेवा सत्कार गर्दै गुरुको आज्ञापालन गरी शिक्षा प्राप्त गर्नुपर्थ्यो । शिक्षासाथै चरित्र-गठनमा त्यस वेला खूबै ध्यान दिइन्थ्यो । तर आज यी सब छैनन् । आज विद्यार्थीहरू गुरुकुलमा प्रवेश नगरी विद्यालयतिर नै शिक्षा पाउँछन् । दैनिक पाँच-छ: घण्टा विद्यालयमा गुरुहरूको संसर्गमा रहिरहेको समय गुरुको नजरदेखि दूर रहने हुनाले आजका विद्यार्थीहरूको चरित्रनिर्माणमा गुरुजनको महत्त्वपूर्ण हात रहँदैन । यसैले आजका विद्यार्थीहरूमा उच्छृङ्खलता र आडम्बरको मात्रा बढ्दै गइरहेको छ । आजका विद्यार्थीहरूमा अनुशासनहीनताको मात्रा बढ्ेका मुख्य कारणहरूमध्ये एक यो पनि भएको छ । प्राचीन संस्कृत भनाइ अनुसार विद्यार्थीको मुख्य कर्तव्य आफ्नो विद्याध्ययन हो । विद्याध्ययनवाहेक विद्यार्थीको अरू केही काम हुँदैन । तर आज उक्त भनाइ युक्तिसंगत ठहरिन आउँदैन; किनकि आजको समय उहिलेको समय झैं छैन । आज उहिले झैं मानिसको जीवन सरल, शान्त र विश्रामपूर्ण छैन – त्यसको विपरीत आज मानिसको जीवन कठिन र व्यस्त बनेको छ । यस्तो स्थितिमा केवल विद्याध्ययनमै लागिरहने विद्यार्थीले सफल जीवन यापन गर्न सक्ने छैन । आधुनिक व्यस्त जमानामा विद्याध्ययनको साथसाथै अरू व्यावहारिक ज्ञान प्राप्त गर्नेहरूले मात्र सफलतापूर्वक जीवन निर्वाह गर्न सक्छन् । तर व्यावहारिक ज्ञान प्राप्तिमा मात्र ध्यान दिएर साधारण विद्याध्ययनमा वास्ता नराख्नेहरू पनि पुस्तकाध्ययनमा मात्र लागिरहनेहरू झैं सफल जीवन यापन गर्नसक्दैनन् । सामाजिक समस्याहरूप्रति सचेत भए तापनि त्यसमा-मन प्राण अर्पनु विद्यार्थीको कर्तव्य होइन ।

"विद्यार्थीको प्रमुख कर्तव्य विद्या अध्ययन हो र अन्य कामहरू गौण हुन् । विद्यार्थीहरूले विद्याध्ययनलाई प्राथमिकता दिएर विद्याध्ययन गर्ने काममा आलस्य प्रकट गर्नु हुँदैन । विद्यार्थी जीवन परिश्रम, लगन र मेहनतको जीवन हो । जसले यो जीवनको महानता बुझेर आलस्य नमानी परिश्रम गर्छ, उसले भावी व्यावहारिक जीवनमा हीरा बन्ने सुयोग प्राप्त गर्छ अनि विद्यार्थी जीवनलाई आनन्द र चैनको जीवन सम्झेर मौज गर्नेहरू पछि जमीनको धूलो हुन बाध्य हुनुपर्छ । आलस्यपन विद्यार्थी जीवनको ध्वंसकारी शत्रु हो । विद्याध्ययनमा विद्यार्थीहरूले पूर्ण मनोयोग दिनु आवश्यक छ । विद्यार्थीहरूमा ज्ञान प्राप्तिको जिज्ञासा र कुतूहल सर्वदा जागरूक रहनुपर्छ । विद्यार्थीहरूमा ज्ञान प्राप्तिको भोक हुनु अत्यावश्यक छ ।

विद्यार्थी जीवनमा अनुशासनको महत्त्वपूर्ण स्थान हुनुपर्छ । यसबाहेक विद्यार्थीहरू सत्यवादी, निर्भीक, साहसी, उदार, आज्ञाकारी, क्षमावान्, संयमी र कर्त्तव्यपरायण अनि कर्मठ हुनुपर्छ । अभिमान, उच्छृङ्खलता, आडम्बर अनि आलस्य विद्यार्थी जीवनको अभिशाप भने हुन्छ ।

विद्यार्थीहरूले यो सर्वदा याद राख्नुपर्छ कि तिनीहरू नै समाज, जाति अनि देशको भाग्यविधाता र गौरव हुन् । यसै विचारअनुसार विद्यार्थीहरूले उत्साहपूर्वक आफ्नो कर्तव्य पालन गर्नु आवश्यक छ । बीजअनुसारको बोट हुन्छ । विद्यार्थीजीवनमा जस्तो बीज छरिन्छ, उस्तै बोट तथा फल व्यवहारिक जीयनमा पाइन्छ । विद्यार्थी जीवनमा विद्यार्थीहरूले संयम, स्वावलम्बन, क्षमाशीलता, उदारता, आज्ञाकारिता, अध्यवसाय र कर्तव्यपरायणजस्ता उत्तम गुणहरू अपनाएका छन् भने तिनीहरूलाई भावी व्यावहारिक जीवनमा सुख र सफलता प्राप्त गर्न कत्ति गाह्रो पर्नेछैन ।।"

**121.** विद्यार्थीहरूको सफलताका निम्ति आजको शिक्षाले

(1) कक्षामा सबै प्रकारका नवीनतम तकनिक प्रयोग गर्नुपर्छ

(2) पुस्तक अध्ययन सँगसँगै व्यवहारज्ञान पनि दिनुपर्छ

(3) गुरुकुलको अवधारणालाई पुनर्जीवित पानुपर्छ

(4) विद्यार्थीहरूलाई पढाइभन्दा धेरै सामाजिक समस्याप्रति सचेत गराउनुपर्छ

122. अनुच्छेदमा प्रयुक्त 'धूलो हुनु' – को आशय हुन्छ

(1) कण कणमा परिणत हुनु

(2) हावाले प्रदूषित हुनु

(3) तल्लो स्तरको, निकम्मा र हेय हुनु

(4) टुक्रिनु

123. अभिमान, उच्छृङ्खलता, आडम्बर अनि आलस्य विद्यार्थी जीवनका निम्ति ______ हो ।

(1) श्राप

(2) रोग

(3) घृणा

(4) पीडा

124. तलका मध्ये कुनचाहिं 'विधाता' का पर्याय हुन् ?

(1) ईश्वर, परमेश्वर, पावन

(2) प्रभु, परमेश्वर, अमिय

(3) अविनाशी, अमिय, ईश्वर

(4) ईश, जगदीश्वर, अविनाशी

125. विद्यार्थीहरू सत्यवादी, निर्भीक, साहसी, उदार, आज्ञाकारी, क्षमावान्, संयमी र कर्त्तव्यपरायण अनि कर्मठ हुनुपर्छ" – वाक्यमा कुन शब्दवर्गका पद बेसी छन् ?

(1) गुणवाचक विशेषण

(2) भाववाचक नाम

(3) जातिवाचक नाम

(4) व्यक्तिवाचक नाम

126. "विद्यार्थीहरूमा ज्ञानप्राप्तिको भोक हुनु अत्यावश्यक छ ।" – यहाँ भोकको अर्थ हुन्छ

(1) अन्वेषणको लक्षण

(2) भोगेच्छा

(3) उत्सुकता

(4) परम्पराप्रतिको अनाग्रह

127. 'विद्याध्ययन'

(1) वृद्धि सन्धि हो

(2) यण् सन्धि हो

(3) गुण सन्धि हो

(4) दीर्घ सन्धि हो

128. गुरुकुलमा शिक्षा प्राप्त गर्नका साथे अरू के गर्न आवश्यक थियो ?

(1) अन्य विद्यार्थीहरूको संसर्गमा रहनु

(2) अनुशासनहीन भई गुरुको सेवा गर्नु

(3) कठिनताको पालन गर्नु अनि आफ्ना साथीहरूलाई पठाउनु

(4) गुरुको सेवा गर्नु र आज्ञा पालन गर्नु

129. 'चरित्रनिर्माण'

(1) कर्मधारय समस्त पद हो

(2) अव्ययीभाव समस्त पद हो

(3) तत्पुरुष समस्त पद हो

(4) द्वन्द्व समस्त पद हो

**निर्देश :** दिइएको अनुच्छेद पढ्नुहोस् अनि सही विकल्पको चयन गरी तलका प्रश्नहरूको (प्रश्न **130** देखि **135**) उत्तर दिनुहोस् ।

जो होचो उसको मुख घोचो" भन्ने उखान त सानैदखि नै सुन्दै आएको हो, तर "जसको होचो छानु उसैको दुख्छ गानु" भन्ने तथ्यपूर्ण अनि व्यावहारिक उखान चाहिं भर्खरै मात्रै थाहा भयो, जब मेरो औकात वा हैसियत अनुसारमा आफ्नो घरको छानु छिमेकका भन्दा औधी नै होचो भयो ।

तपाईहरू सबैलाई नै स्पष्टसित थाहा छ, हाम्रो फोस्रे समाजमा मातृभाषा प्रेमीको गन्ती कुकुरको जति पनि नठान्ने वा आफ्ना लेखक-कलाकारको मान गधाको जति पनि नराख्ने आडम्बर छ ।

तथा, मौलिक माटोमा नटेकी जडाउरी छायाँमा मस्तसित बतासिरहने उरन्ठेउलाहरूको दिनोदिन बढाबढले स्वस्थ मौलिकता चाहने केही प्रतिशतलाई पनि जिल्ल पारिसकेको हाम्रो वर्त्तमान स्थिति देखेको हुनाले मैले होचो छानुको व्यथा सुनाएकोचाहिं होइन । न कि यस किसिमको गुनासो कुनै राजनैतिक मसाला नै हो । बरू अर्थनैतिक वा सामजिक पक्षसित यसको सरोकार हुनसक्छ, तर मेरो यो "होचो" शब्दसित चाहिं सबैभन्दा नजिकको सम्बन्धी-शब्द बुझियो, "सोझो" ।

नवौं-दशौं कक्षाको छात्र हुँदा श्रद्धेय लेखक हृदयचन्द्रसिंह प्रधानज्यू लिखित निबन्ध "सोझा" राम्ररी पढ्हेको थिएँ ।

"अरू थोकभन्दा छोरा सोझो निस्कला भन्ने मलाई बिध्नै डर भइरहेको छ" भन्ने अनौठो टिप्पणीबाट बुनिएको "सोझा" निबन्ध पढेर मैले सारांशमा बुझेको थिएँ, – "सोझाको उपस्थितिको कारण नै दुष्ट वा दानवहरूले समाजमा राज गर्दैछन्": भन्ने तथ्य । तसर्थ भविष्यमा भुलेर पनि सोझो नबन्ने विचार समेत गरेको थिएँ, तर जस्तै गरेपनि मेवाको बोटमा ज्यामिर नफल्दो रहेछ । समयान्तरमा मपनि मेरै मातापिता जस्तै नमुना बन्न पुगें असहाय त्यही "सोझो" वर्गीकरण अन्तर्गत । अर्थात्, "विचार" र "छानु" कसरी पर्यायवाची भयो कुन्नि, त्यही "सोझो" शब्दको असाध्यै गह्रौं भारले सम्पूर्ण थिचिएर नै मेरो मौलिक कुटीरको निर्मल छानु बन्यो, – यस्तो "होचो" ।

मैले मेरै पिता पुर्खाले जस्तै श्वेत-वर्णी कञ्चनजङ्गासहितको पर्वतश्रेणीलाई शान्तसित सुतेका शिव झैं बुझें, अर्थात् उही शिवलाई साष्टाङ्ग-प्रणाम गरेर जन्मभूमि दुर्जयलिङ्गलाई सधैं कलापूर्ण दृष्टिले आकृष्ट बन्दै हेरें । यही पाखाको माटो, पानी, हावा, ताप र गतिले निर्मित मेरो देह, मेरो भावना, मेरो सम्पूर्ण नै यहींकै माटोमा नै समर्पित गर्ने दृढ निश्चय हुनाले मेरो पहाडलाई मैले सधैं नै सुन्दर र विशिष्ट राख्न चाहें । यसैले यही पहाडको पवित्र काखमा सानो स्वरमा तोते बोल्ने बालक झैं, वा हँसिलो पहाडकै लघु-आकृतिसरह देखिने मेरो प्यारो कुटीर छ । जसको छानु होचो छ, तर होचो नै भएपनि कलाको सम्मान राख्न सक्षम मेरो छानु सम्वेदनशील पनि छ !

**130.** अनुच्छेदमा प्रयुक्त उखान 'जो होचो उसको मुखमा घोचो' रहेको होचो शब्दले अर्थ बुझाउँछ
(1) सानो घर, परिवार, संसार भएको मानिस
(2) साधारण प्रकारले जीवन व्यतीत गर्ने सिधा मानिस
(3) सङ्कीर्ण विचार भएको तर सदाचारी मानिस
(4) होचो छानो भएको घरका मालिक

131. अनुच्छेदका लेखकले 'सोझा' निबन्ध राम्ररी पढेको कुराको पुष्टि हुन्छ

(1) आफ्नो जीवन निबन्ध जस्तै भएकाले

(2) 'सोझा' निबन्धका निबन्धकार उनलाई मनपर्ने भएकाले

(3) निबन्धको वाक्य उद्धृत गरेकाले

(4) समाजमा सोझाको उपस्थितिका कारण दुष्टहरूले राज गरेकाले

132. "कञ्चनजङ्गासहितको पर्वतश्रेणीलाई शान्तसित सुतेका शिवझैं बुझें" – कुन अलङ्कार परेको छ ?

(1) व्याजस्तुति

(2) उपमा

(3) यमक

(4) श्लेष

133. "मेवाको बोटमा ज्यामिर नफल्दो रहेछ" – को नजिक छ

(1) जस्तो बोट उस्तै फल

(2) जस्तो चितायो उस्तै पुग्छ

(3) देशअनुसार को भेष

(4) धनले धन कमाउँछ

134. 'मौलिक' शब्द हो

(1) रूपायित

(2) रूपान्तरित

(3) व्युत्पन्न

(4) मौलिक

135. प्रस्तुत अनुच्छेदका लेखक कहाँका मानिस हुन् ?

(1) असम

(2) देहरादुन

(3) सिक्किम

(4) दार्जिलिङ

**निर्देश** :सबैभन्दा उपयुक्त विकल्पको चयन गरी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

136. तलका पठन-जाँचको अङ्क-वितरण कसरी गर्नुहुन्छ ?

प्रश्न - धर्मशाला कहाँ अवस्थित छ ?

उत्तर - (1) - हिमाचल प्रदेशमा

उत्तर - (2) - धर्मशाला हिमाचल प्रदेशमा अवस्थित छ ?

(1) उत्तर (2) का निम्ति 2 अङ्क, उत्तर (1) का निम्ति - 0 अङ्क

(2) उत्तर (1) का निम्ति 1 अङ्क, उत्तर (2) का निम्ति 2 अङ्क

(3) उत्तर (1) का निम्ति 2 अङ्क, उत्तर (2) का निम्ति 2 अङ्क

(4) उत्तर (2) का निम्ति $1\frac{1}{2}$ अङ्क, उत्तर (1) का निम्ति 1 अङ्क

137. विस्तारित (Extensive) पठन भन्नाले बुझिन्छ

(1) अप्रचलित शब्दहरूको अर्थ अनुमान गर्नु

(2) विषयको साधारण ज्ञान अनि आनन्दका निम्ति पढ्नु

(3) पाठको केन्द्रीय कथ्य बुझ्नु

(4) पाठको समग्र विषयबारे पूर्वानुमान गर्नु

138. श्रवण दक्षताको मूल्याङ्कन गर्न शिक्षकले एउटा कार्य-योजना तयार पारेका छन् । मूल्याङ्कन कुन कुरामा आधारित हुन् सक्छ ?

(1) कुनै दृश्यका निम्ति विद्यार्थीले गरेका व्याख्या

(2) कुनै छोटो फिल्म हेर्नु अनि निरूपण गर्नु

(3) अडियो-रेकर्डिङमा आधारित सारणी तयार गर्नु

(4) मूल्याङ्कन गरिने व्यक्तिले पाठ जोड-जोडले पढ्नु

139. सोधपुछ आधारित शिक्षा (Enquiry Based Learning-EBL) त्यो हो, जहाँ

(1) शिक्षकले कार्य स्थापना गर्छन् अनि शिक्षालाई सहयोग गर्छन वा लाभ पुऱ्याउँछ्

(2) विद्यार्थीहरूले आफ्नै किसिमको सोधपुछ अघि बढाउँछन्

(3) माथिका (1) र (2) दुवै

(4) केवल (2)

140. उद्धरण पढ्नुहोस्

"निरीश्वरवाद एउटा पैगम्बरविहीन (Non-prophet) संस्था हो ।" यहाँ प्रयुक्त साहित्यिक उपकरण हो

(1) श्लेष

(2) अतिशयोक्ति

(3) प्रियोक्ति

(4) प्रतीकवाद

141. कमलाको ड्राइभिङ क्षमतामा <u>विकासको प्रशस्त अवसर रहेको छ</u> । अधोरेखित वाक्यांशले बुझाउँछ

(1) कमलाको असल ड्राइभिङका निम्ति प्रयुक्त बिम्ब

(2) सावधानीपूर्वक कार चलाउने प्रतीक

(3) कमलाको कमजोर ड्राइभिङ क्षमताका निम्ति प्रयुक्त शिष्ट शैली

(4) कमलाको वर्तमान अनि विगतका ड्राइभिङको तुलना

142. पठन सामग्रीको प्रयोग नगरी "पूर्व-पठन" अवधिमा गरिएको चर्चा मुख्यत: त्यस कुरासँग सम्बन्धित छ

(1) रचनात्मक - रूपान्तरणमूलक विधि

(2) रासियस विधि (rassias method)

(3) व्याकरण - अनुवाद विधि

(4) श्रुति-भाषिक विधि (audio-lingual method)

143. विरामादि चिह्न : सही विकल्पको चयन गर्नुहोस् ।

रामका शरीरमा कसैले पछाडिबाट अचानक हिउँ खन्याइदियो अनि रामका मुखबाट तुरुन्त निस्कियो

(1) आच्छु, कस्तो चिसो !

(2) आच्छु ! कस्तो चिसो ।

(3) आच्छु – कस्तो चिसो ।

(4) आच्छु । कस्तो चिसो ।

**144.** साधारण शिक्षा अनि विशेष शिक्षाका माझमा अन्तर नगर्ने स्कुललाई भनिन्छ

(1) विशेषीकृत

(2) असाधारण

(3) मानक

(4) समावेशी

**145.** विद्यार्थीहरूको श्रव्य रचनात्मकता, बोल्ने, पढ्ने अनि लेख्ने क्षमताबारे बुझ्न सत्रको अन्तमा एकजना शिक्षकले जाँच लिन्छन् । यस्तो मूल्याङ्कनका प्रक्रियाको मुख्य उद्देश्य हुन्छ

(1) भाषा शिक्षाप्रति विद्यार्थीको अभिरुचि जाँच्नु

(2) पाठ्य सामग्रीका उद्देश्यबारे बुझाउन अन्य शिक्षकलाई सघाउनु

(3) विद्यार्थीका सर्वाङ्गीण प्रवीणताको जाँच गर्नु

(4) भाषाका कक्षाप्रति विद्यार्थीको मनोवृत्ति निर्धारण गर्नु

**146.** E-learning भनेको हो

(1) दूर-शिक्षा

(2) सक्रियताका साथ हार्डवेयर को सङ्गठन

(3) प्रविधिको प्रयोगद्वारा गरिने सम्मिश्रित शिक्षा

(4) फिल्म वृत्तचित्र

**147.** तमिल भाषामा पाठ घोकाउनका निम्ति एकजना शिक्षकले प्रामाणिक सामग्रीको प्रयोग गर्न चाहे निम्नलिखित मध्ये कुन चाहिं उपयुक्त हुँदैन

(1) कुनै तमिल समाचारपत्र

(2) मदुराईबारे अङ्ग्रेजी समाचारपत्रमा प्रकाशित लेखको तमिल अनुवाद

(3) तमिल नाडुको कुनै कम्पनीले प्रयोग गर्ने तमिल भाषामा रहेको नोकरीको आवेदन पत्र

(4) कोयम्बाटुरका बाटाहरूमा प्रयुक्त चिन्हहरूका फोटोहरू

**148.** अवाचिक सम्पर्क भन्नाले बुझिन्छ

(1) बोलिएका शब्दहरू

(2) इसारा

(3) सङ्ख्याहरू

(4) मुद्रित शब्दहरू

**149.** तलका सबै सुविधाहरू साधारणत: सहकारी समूह शिक्षासित सम्बन्धित छन्, कुन एउटा चाहिं होइन

(1) विद्यार्थीको अभ्यासका निम्ति अधिक समय दिइनु

(2) एउटा निकै शान्त र व्यवस्थित कक्षा कोठा

(3) शिक्षक केन्द्रित निर्देश/शिक्षणको विकल्प

(4) सहजै हतोत्साही हुने विद्यार्थीहरूलाई प्रेरित गर्ने समकक्षी संलग्नता

**150.** पठनमा, अनुमिति (inferencing) एउटा यस्तो दक्षता हो, जहाँ निम्नलिखित एउटा कुरा निहित रहन्छ :

(1) पाठमा उल्लेख भएका कुराहरू पढ्दै उल्लेख नभएका घटकहरू पढ्नु

(2) चयनित पाठका विभिन्न अंशमा उल्लिखित सूचनाको समन्वयन गर्नु

(3) चयनित पाठको प्राप्तिबारे अनुमानहरू सूचित गर्नु

(4) अप्रचलित शब्दहरूको अर्थतिर ध्यान दिनु

## SPACE FOR ROUGH WORK

## SPACE FOR ROUGH WORK

## SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।

2. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।

3. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।

4. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।

5. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।

6. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।

7. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।

8. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अधि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।

9. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।

10. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।

11. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।

12. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**READ CAREFULLY THE FOLLOWING INSTRUCTIONS:**

1. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with Blue/Black Ball Point Pen on Side-2 of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
2. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
3. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
4. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
5. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
6. Each candidate must show on demand his / her Admission Card to the Invigilator.
7. No candidate, without special permission of the Superintendent or Invigilator, should leave his / her seat.
8. The candidates should not leave the Examination Hall without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet a second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case.
9. Use of Electronic / Manual Calculator is prohibited.
10. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
11. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
12. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room / Hall.** ***The candidates are allowed to take away this Test Booklet with them.***

**निम्नलिखित निर्देश ध्यान से पढ़ें :**

1. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के पृष्ठ-2 पर केवल एक वृत्त को ही पूरी तरह नीले/काले बॉल पॉइन्ट पेन से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।.
2. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
3. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
4. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
5. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश कार्ड के सिवाय किसी प्रकार की पाठ्य सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
6. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-कार्ड दिखाएँ ।
7. अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
8. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा ।
9. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
10. परीक्षा-हॉल में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
11. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
12. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष / हॉल छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें ।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।***

SEAL